# श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि,२०७७

श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
हात्तिसार, काठमाण्डौं ।

*(मिति २०७७/१०/२३ गते बसेको सञ्चालक समितिको २२०औं बैठकबाट स्वीकृत)*

श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि, २०७७

श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (२घ) को प्रयोजनको लागि सञ्चालक समितिले देहायको कार्यविधि निर्धारण गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कम्पनी" भन्नाले श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

(ख) "छनौट समिति" भन्नाले कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (१) बमोजिम गठन भएको छनौट समिति सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली सम्झनु पर्दछ।

(ङ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कम्पनीको नियमावलीको नियम ३६ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले कम्पनीको नियमावलीको नियम २७ बमोजिम गठन भएको कम्पनीको सञ्चालक समिति सम्झनु पर्दछ ।

३. दरखास्त आह्वान गर्नु पर्नेः (१) कम्पनीमा रिक्त भएको वा हुने प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिका लागि छनौट समितिले १५ दिनको म्याद दिई कुनै दुई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र तीनवटा भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी म्याद सकिएको तीन कार्यदिन भित्र पुनः सात दिनको

थप म्याद दिई कुनै राष्ट्रिय स्तरको एक दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थप भएको म्याद भित्र समेत तीनवटा भन्दा कम दरखास्त प्राप्त भएमा जति दरखास्त प्राप्त भएको छ सोही बमोजिम छनौटको प्रकृया अगाडि वढाउन बाधा पर्ने छैन ।

४. <u>दरखास्तको सूचनामा खुलाउनु पर्ने कुराहरुः</u> (१) दफा ३ बमोजिम प्रकाशन गरिने दरखास्त आह्वानको सूचनामा दरखास्त दिँदा दरखास्तसाथ देहाय बमोजिमका विवरण तथा कागजात पेश गर्नु पर्ने कुरा खुलाउनु पर्नेछः-

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (बायोडेटा),

(ख) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र व्यवसायिक कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु,

(ग) उम्मेदवारले आफ्नो दरखास्त साथ अंग्रेजी टाईम्स न्यू रोमन फन्ट वा नेपाली युनिककोड फन्टमा बाह्र साईजमा पाँचहजार शब्दमा नबढ्ने गरी श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको व्यावसायिक रणनीति (विजनेस स्ट्रेटेजी) सहितको कार्ययोजना (विजनेस प्लान) नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक भाषामा तयार गरी सोको तीन प्रति सिलवन्दी गरी बन्द बन्दमा सहिछाप गरी खामको बाहिर पट्टी मात्र नाम थर ठेगाना लेखी पेश गर्नु पर्ने कुरा,

(घ) खण्ड (ग) बमोजिम उम्मेदवारले कार्ययोजना बनाउदाँ दफा ५ मा उल्लेख भए बमोजिम बनाउनु पर्ने कुरा।

(ङ) दरखास्त पेश गर्ने माध्यम, मिति, समय र स्थान,

(च) खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको विवरण तथा कागजातको प्रत्येक पानामा सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी उम्मेदवार आफैले दस्तखत गरी प्रतिलिपि पेश गर्नु पर्ने कुरा।

(छ) प्रमुख कार्यकारी अधिकृतको छनौट प्रकृया,

(ज) प्रमुख कार्यकारी अधिकृतको पदले गर्नु पर्ने मुख्य मुख्य कामहरु (टर्म्स अफ रिफरेन्स)

(झ) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र अन्य सुविधा,

(ञ) कार्य सम्पादन सम्झौता गर्नु पर्ने विषय,

(ट) अन्य आवश्यक कुरा।

Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

(२) दरखास्त आह्वानको सूचनामा उपदफा (१) मा उल्लेख भएका विवरण तथा कागजातका अतिरिक्त उम्मेदवारले देहायका कुराहरु उल्लेख गरी हस्ताक्षर गरी स्वघोषणाको कागज समेत पेश गर्नु पर्ने ब्यहोरा समेत खुलाउनु पर्नेछः-

(क) तत्काल कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ख) कम्पनीसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु तथा सरकारी बाँकी नरहेको र कर चुक्ता गरेको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(ङ) दामासाहीमा नपरेको, कीर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,

(च) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी वा प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(छ) कुनै कम्पनीको वहालवाला सञ्चालक नरहेको (आफू कार्यरत संस्थाबाट पदीय हिसावले प्रतिनिधित्व गरी सञ्चालक मनोनित भएको अवस्थामा बाहेक)

(ज) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,

(झ) मानसिक सन्तुलन ठिक भएको,

(ञ) नेपालको प्रचलित कानूनद्वारा अयोग्य नरहेको ।

५. <u>ब्यवसायिक रणनीति तथा कार्ययोजना</u>ः (१) व्यावसायिक रणनीति तथा कार्ययोजना तयार गर्दा कार्यविवरण (टर्म्स अफ रिफरेन्स) का आधारमा देहायका बुँदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनुपर्नेछः-

(क) <u>जलविद्युतमा लगानी तथा विकासको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्यः</u> जलविद्युतको लगानी तथा विकासको अन्तर्राष्ट्रिय परिदृश्य तथा नेपालको बिद्यमान अवस्थाको विश्लेषण, जलविद्युत क्षेत्रमा लगानी र विद्युत विकास आयोजना विकासको अन्तर्राष्ट्रिय अभ्यास, नेपालमा जलविद्युत क्षेत्रमा लगानी र विद्युत आयोजनाको आवश्यकता, सम्भावना र चुनौती, लगानीकर्ताहरुको कार्य अभ्यासको बिश्लेषण, जलविद्युत क्षेत्रमा लगानीका स्रोतहरु, जलविद्युत क्षेत्रमा निजिक्षेत्रको लगानीको प्रबृत्ति, जलविद्युत आयोजना विकासका सवल एवं दुर्वल पक्ष र भावी कार्यदिशा, लगानी जोखिम विश्लेषण र त्यसका उपकरणहरुको प्रयोग, जलविद्युत ब्यापार योजना (ट्रेडिङ्ग स्किम, पावर ट्रेडिङ्ग एग्रिमेन्ट)।



Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

(ख) <u>कार्य योजना:</u> हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको ऐतिहासिक पृष्ठभूमी, कम्पनीको रणनीतिक योजनाको अवधारणा, संस्थागत सुशासन, विद्युतीय प्रणालीको प्रयोग, आधुनिकीकरण, सम्पत्ति व्यवस्थापन, जोखिम विश्लेषण तथा व्यवस्थापन, उत्पादकत्व अभिबृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिबृद्धि, मानव संशाधन व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र कम्पनीको सवल, दुर्वल पक्ष एवं चुनौती र अवसर विश्लेषण (स्वट एनालाइसिस) र सुधारको योजना, पूँजि संकलन, श्रोत परिचालन, लगानी बृद्धि तथा ब्यवस्थापन, बजार प्रतिस्पर्धा विश्लेषणका आधारमा कम्पनीको व्यवसाय तथा प्रतिशेयर आम्दानी तथा मूनाफा अभिबृद्धि गर्ने समयसारिणी सहितको कार्ययोजना (एक्सन प्लान)।

(ग) <u>प्रक्षेपित वित्तीय विवरण:</u> प्रस्तावित कार्य योजनाका आधारमा कम्पनीको आगामी चार वर्षको प्रक्षेपित वित्तीय अवस्थाको विश्लेषण (प्रोजेक्टेड फिनान्सियल स्टेटमेन्ट्स)।

(२) उपदफा (१) बमोजिम तयार गरेको कार्ययोजनाको प्रत्येक प्रतिको कभरपृष्ठ पछिको पहिलो पृष्ठमा उम्मेदवारको नाम, थर, ठेगाना मात्र लेखी अन्य कुनै पनि पृष्ठमा उम्मेदवारले आफ्नो पहिचान खुल्ने अक्षर, अङ्क वा संकेत कुनै कुरा लेख्नु हुँदैन। त्यसरी लेखेको पाईएमा त्यस्तो कार्ययोजना मूल्याङ्कनमा समावेश गरिने छैन।

६. <u>मूल्याङ्कनका आधार र सोको अङ्कभार:</u> (१) छनौट समितिले उम्मेदवारको छनौटका लागि मूल्याङ्कन गर्दा देहायका आधारको कुल अंकभार एकसय कायम गरी देहाय बमोजिमको अंकभारको आधारमा गर्नु पर्नेछ:-

| | |
|---|---|
| (क) शैक्षिक योग्यता वापत | १५ अङ्क |
| (ख) कार्य अनुभव वापत | १५ अङ्क |
| (ग) ब्यवसायिक रणनीति तथा कार्य योजना वापत | ३५ अङ्क |
| (घ) कार्य योजना प्रस्तुतीकरण वापत | २० अङ्क |
| (ङ) अन्तर्वार्ता वापत | १५ अङ्क |

(२) उपदफा (१) बमोजिम शैक्षिक योग्यता वापतको अङ्क दिंदा तोकिएको सम्बन्धित विषयको न्यूनतम शैक्षिक योग्यता वापत १३ अङ्क र एकतह माथिको जुनसुकै विषयको शैक्षिक योग्यता वापत २ अङ्क गरी बढिमा १५ अङ्क दिनु पर्नेछ।



Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

(३) कार्य अनुभव वापतको अङ्क दिँदा तोकिएको न्यूनतम कार्य अनुभव वापत दश अङ्क र न्यूनतम कार्य अनुभव पछिको प्रत्येक वर्षको लागि ०.५ (सून्य दशमलव पाँच) अङ्कका दरले बढीमा १० बर्षको पाँच अङ्क समेत जम्मा १५ अङ्क दिनु पर्नेछ।

तर एक वर्ष भन्दा कम अवधिको कार्य अनुभव वापत अंक गणना गरिने छैन।

(४) कार्ययोजना वापतको अङ्क दिँदा देहाय बमोजिम दिनु पर्नेछः-

(क) व्यवसायिक रणनीति –१५ अङ्क

(ख) कार्य योजनाको विश्लेशण –१० अङ्क

(ग) प्रक्षेपित वित्तीय विवरण –५ अङ्क

(घ) कार्यान्वयन योजना –५ अङ्क

(५) प्रस्तुतीकरण वापतको अङ्क दिँदा देहाय बमोजिम गरी दिनु पर्नेछः-

(क) तर्कपूर्ण प्रस्तुति –५ अङ्क

(ख) विषय वस्तुको विश्लेषणात्मक बुझाई –५ अङ्क

(ग) कार्ययोजना प्रतिको स्पष्टता –५ अङ्क

(घ) सञ्चार कौशल (कम्युनिकेसन स्किल) –५ अङ्क

(६) अन्तर्वार्ताको अङ्क दिँदा देहाय बमोजिम गरी दिनु पर्नेछः-

(क) व्यक्तित्व र आत्मविश्वास – ३ अङ्क

(ख) नेतृत्व गर्ने क्षमता – ३ अङ्क

(ग) विषयवस्तुको ज्ञान – ३ अङ्क

(घ) विषय र उद्देश्यको स्पष्टता – ३ अङ्क

(ङ) उठाईएका सवालहरु संबोधन गर्न सक्ने क्षमता – ३ अङ्क

(७) छनौट समितिले उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अन्य विषयहरु आफैले निर्णय गर्न सक्नेछ।

७. <u>छनौट प्रकृया</u>: (१) दफा ३ बमोजिम दरखास्त दिने म्याद समाप्त भएको तीन दिनभित्र कम्पनीमा प्राप्त दरखास्तहरु तथा कागजातहरु छनौट समितिमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीमा प्राप्त दरखास्त तथा कागजातहरु छनौट समितिमा पठाउँदा उम्मेदवारले सिलबन्दी गरी पेश गरेको कार्ययोजना समेत पठाउनु पर्नेछ ।

(३) छनौट समितिले उम्मेदवारको शैक्षिक योग्यता, उमेर र अनुभवका आधारमा छनौट सूची तयार गरी रित पुगेका उम्मेदवारको कार्ययोजना मात्र परीक्षण गराउनेछ।

(४) उपदफा (३) बमोजिम कार्य योजनाको परीक्षण दुई जना विज्ञबाट छुट्टाछुट्टै उम्मेदवारको परिचय नखुल्ने गरी कोडिङ्ग गरी ७ दिन भित्र गोप्य रुपमा गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विज्ञहरुको परीक्षणबाट प्राप्त अङ्कको आधारमा औषत अङ्क निकाली त्यसलाई कार्ययोजना वापतको प्राप्ताङ्कको रुपमा तालिका बनाई गणना गर्नु पर्नेछ। त्यसरी गणना गर्दा पचास प्रतिशत अर्थात २० वा सो भन्दा बढी अङ्क ल्याउने उम्मेदवारहरुको सूची तयार गरी प्राप्ताङ्क तालिका सम्बन्धि कागजात शिलबन्दि गर्नु पर्नेछ। यस्तो प्राप्ताङ्क उल्लेख भएको कागजात अन्तर्वार्ता लिई सके पछि अन्तिम अङ्क गणना गर्दा छनौट समिति वा समितिले तोकेको कर्मचारीले मात्र खोल्न पाईनेछ।

(६) उपदफा (५) बमोजिमको सूचीमा नपरेका उम्मेदवारलाई त्यस पछिका छनौट प्रकृयामा समावेश गर्न सकिने छैन।

(७) उपदफा (५) बमोजिमको सूचिमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यवसायिक कार्ययोजनाको प्रस्तुती र अन्तर्वार्ताको लागि बढीमा सात दिनको समय दिई मिति, समय र स्थान तोकी सो को सूचना दिनु पर्नेछ। उक्त मिति, समय र स्थानमा उम्मेदवारहरुले व्यवसायिक योजनाको प्रस्तुती गर्नु पर्नेछ।

(८) उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तवार्तामा सहभागी हुँन आउँदा आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका कागजातहरुको सक्कल प्रति साथै लिई आउनु पर्नेछ।

(९) छनौट समितका सदस्यहरुले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको प्रस्तुतीकरणको मूल्याङ्कन गरी दस्तखत गरी अर्को सदस्यले अङ्क नदेख्ने गरी शिलबन्दी गरी बन्दबन्दमा सहिछाप गर्नु पर्नेछ।

(१०) छनौट समितिले उपदफा (५) बमोजिमको सूचीमा परेका उम्मेदवारको अन्तरवार्ता लिँदा दफा ६ को उपदफा (५) बमोजिमका आधारमा मूल्याङ्कन गरी प्रत्येक सदस्यले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको अन्तर्वार्ताको मूल्याङ्कन गरी दस्तखत गरी अर्को सदस्यले अङ्क नदेख्ने गरी शिलबन्दी गरी बन्दबन्दमा सहिछाप गर्नु पर्नेछ।

(११) प्रस्तुतीकरण र अन्तर्वार्ता वापतको अङ्क गणना गर्दा सवै सदस्यहरुले दिएको अङ्क जोडी सोको अनुपात निकाली प्राप्ताङ्क कायम गर्नु पर्नेछ।

(१२) छनौट समितिले शैक्षिक योग्यता वापतको अङ्क, कार्य अनुभव वापतको अङ्क, व्यवसायिक कार्ययोजना वापतको अङ्क, कार्ययोजनाको प्रस्तुतीकरण वापतको अङ्क, अन्तर्वार्ता

समेतको प्राप्ताङ्क जोडी तालिका बनाई सोको आधारमा सर्वैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार छनौट गरी नियुक्तिको लागि समिति समक्ष शिफारिस गर्नेछ।

८. विज्ञ निकायको सहयोग लिन सकिने: (१) दफा ७ को उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेदवारले पेश गरेका व्यवसायिक कार्ययोजनाको परीक्षण गरी दफा ७ को उपदफा (५) बमोजिमको सूची तयार गरी पठाउनका लागि परीक्षण सम्बन्धी विज्ञ निकाय समक्ष अनुरोध गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अनुरोध परीक्षण सम्बन्धी विज्ञ निकायले स्वीकार गरी गोप्य रुपमा परीक्षण गरी दफा ७ को उपदफा (५) बमोजिमको सूची तयार गरी पठाउन सक्नेछ।

९. छनौट सम्बन्धी कागजात गोप्य रहने: यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धमा ब्यवसायिक कार्ययोजनाको परीक्षण, अन्तर्वार्ता तथा अङ्क गणना सम्बन्धी कागजात गोप्य रहने छन्।

## अनुसूची-१

(दफा ७ को उपदफा (९) सँग सम्बन्धित)

**प्रस्तुतीकरणको मूल्याङ्कन फाराम**

| क्र.सं. | उम्मेदवारको नाम थर | प्राप्ताङ्क | | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | तर्कपूर्ण प्रस्तुति ५ अङ्क | विषय वस्तुको विश्लेषणात्मक बुझाई ५ अङ्क | कार्ययोजना प्रतिको स्पष्टता ५ अङ्क | सञ्चार कौशल (कम्यूनिकेशन स्किल) | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उम्मेदवारको संख्या: प्रस्तुतीकरण मिति:

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाई भाई, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँइ, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायतको नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा रिस ईवी इत्यादी केही छैन।

मूल्याङ्कनकर्ताको दस्तखतः

नाम, थरः

दर्जाः

द्रष्टव्यः १. प्रस्तुतीकरण लिइन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार छनौट समितिकाअध्यक्ष तथा सदस्य वा विज्ञ सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा रिस ईवी इत्यादी केही भएमा मूल्याङ्कनकर्ताले उक्त समूहको सो दिनको मूल्याङ्कनमा भाग लिनु हुँदैन। त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ।

२. मूल्याङ्कनकर्ताले पूर्णाङ्कको चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ। यसरी चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ। कारण नखुलाई चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएकोमा घटीमा चालीस प्रतिशत र बढीमा सत्तरी प्रतिशत अङ्क कायम गरी गणना गरिनेछ।

## अनुसूची-२

(दफा ७ को उपदफा (१०) सँग सम्बन्धित)

**अन्तर्वार्ता मूल्याङ्कन फाराम**

| क्र. सं. | उम्मेदवार को नामथर | प्राप्ताङ्क | | | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यक्तित्व र आत्मविश्वास ३ अङ्क | नेतृत्व गर्ने क्षमता ३ अङ्क | विषय वस्तुको ज्ञान ३अङ्क | विषय र उद्देश्यको स्पष्टता ३अङ्क | सवालहरु संबोधन गर्न सक्ने क्षमता३अङ्क | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

उम्मेदवारको संख्याः                                अन्तर्वार्ता मितिः

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाई भाई, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँइ, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायत नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा रिस ईवी इत्यादी केही छैन।

अन्तर्वार्ताकर्ताको दस्तखतः

नामं, थरः

दर्जाः

द्रष्टव्यः १. अन्तर्वार्ता लिइन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार अन्तर्वार्ता समितिका अध्यक्ष तथा सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा रिस ईवी इत्यादी केही भएमा त्यस्ता अन्तर्वार्ताकर्ताले त्यस्तो अन्तर्वार्तामा भाग लिनु हुँदैन। त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ।

२. मूल्याङ्कनकर्ताले अन्तर्वार्ताको पूर्णाङ्कको चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ। यसरी चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ। कारण नखुलाई चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएमा घटीमा चालीस प्रतिशत र बढीमा सत्तरी प्रतिशत अङ्क कायम गरी गणना गरिनेछ।

Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

# श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी (पहिलो संशोधन)कार्यविधि,२०७७

श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
हात्तिसार, काठमाण्डौं ।

*(मिति २०७७/११/४ गते बसेको सञ्चालक समितिको २२३औं बैठकबाट स्वीकृत)*

श्री हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७

प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि,२०७७ मा संशोधन गर्न बाञ्छनीय भएकाले,

कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (२घ) को प्रयोजनको लागि सञ्चालक समितिले देहायको संशोधन गरेको छ।

१. <u>प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि,२०७७ को दफा ७ मा संशोधनः</u>
प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि,२०७७ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ७ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) छनौट समितिले उम्मेदवारको शैक्षिक योग्यता, उमेर र अनुभवका आधारमा छनौट सूची तयार गरी रित पुगेका उम्मेदवारको कार्ययोजना मात्र परीक्षण गराउनेछ। त्यसरी सूची तयार गर्दा दफा ६ को उपदफा (२) र (३) बमोजिम उम्मेदवारको शैक्षिक योग्यता र अनुभव वापत प्राप्त गरेको अङ्कको तालिका बनाई सिलबन्दी गरी बन्दबन्दमा सहिछाप गर्नु पर्नेछ।"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) बमोजिम विज्ञहरुले गरेको परीक्षणबाट प्रदान गरेको अङ्क खुल्ने प्राप्ताङ्क तालिका (मार्कसिट) र परीक्षण गरिएको कार्ययोजनाको प्रति विज्ञ स्वयंले सिलबन्दी गरी छनौट समितिमा पेश गर्नु पर्नेछ। यस्तो प्राप्ताङ्क उल्लेख भएको कागजात अन्तर्वार्ता लिई सके पछि अन्तिम अङ्क गणना गर्दा छनौट समिति वा समितिले तोकेको कर्मचारीले मात्र खोल्न पाईनेछ।"

(३) उपदफा (६) झिकिएको छ।

(४) उपदफा (७) मा रहेका " उपदफा (५) बमोजिमको सूचिमा परेका" भन्ने शब्दहरु झिकिएको छ।

(५) उपदफा (९) मा रहेका " समितका "भन्ने शब्दको सट्टा "समितिका" भन्ने शब्द राखिएको छ।

(६) उपदफा (१०) मा रहेको " उपदफा (५) बमोजिमको सूचीमा परेका "भन्ने शब्दहरु झिकी " दफा ६ को उपदफा (५) " भन्ने शब्दहरुको सट्टा "दफा ६ को उपदफा (६)" भन्ने शब्दहरु राखिएको छ।

(७) उपदफा (११) मा रहेका "अङ्क जोडी सोको अनुपात "भन्ने शब्दको सट्टा "अङ्कको औषत" भन्ने शब्दहरु राखिएको छ।

२. <u>मूल कार्यविधिको दफा ८ मा संशोधनः</u> मूल कार्यविधिको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८. <u>विज्ञको सेवा लिन सकिनेः</u> छनौट समितिले छनौट सम्बन्धी कार्य गर्दा सम्बन्धित विषय विज्ञको सेवा लिन सक्नेछ।"

३. <u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u> मूल कार्यविधिको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. <u>छनौट सम्बन्धी कागजात गोप्य रहनेः</u> यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी सम्पूर्ण कागजात र स्रेस्ता गोप्य रुपले कम्पनीको कार्यालयमा सुरक्षित राख्नु पर्नेछ।"